नेपाल सरकार
गृह मन्त्रालय
**राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग**
सिंहदरवार, काठमाडौं

**राष्ट्रिय परिचयपत्रको विवरण दर्ता अपरेटर पद सेवा करारमा भर्ना लिन दरखास्त आह्वानको सूचना**
**(सूचना प्रकाशित मिति २०७७।७।१३)**

सबै नेपाली नागरिकहरुलाई राष्ट्रिय परिचयपत्र उपलब्ध गराउने कार्यक्रम अन्तर्गत घुम्ती सेवा सञ्चालनमार्फत नागरिकका विवरणहरु सङ्कलन गर्ने कार्यका लागि अभियान सञ्चालन हुने जिल्लाहरुमा कार्य गर्ने गरी विवरण दर्ता अपरेटर खुला प्रतिस्पर्धाद्वारा करारमा भर्ना गर्नुपर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट मिति २०७७।७।१३ गतेदेखि १५ दिनभित्र https://application.donidcr.gov.np मा गई user ID create गरेर अनलाईन दरखास्त फाराम भरी पेश गर्न दरखास्त आह्वान गरिएको छ । दरखास्त पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयमा दरखास्त बुझाउनु पर्नेछ ।

१. **मागपद संख्या -** १०० जना
२. **लिखित परीक्षा मितिः** २०७७।०८।१३
३. **परीक्षाको कार्यक्रमः** विभागको वेबसाइटमा प्रकाशन गरिनेछ ।
४. **पदः** विवरण दर्ता अपरेटर
५. **आवेदन दस्तुरः** निःशुल्क
६. **आवश्यक योग्यताः**
   क) **उम्मेदवारको उमेर हदः** दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको नेपाली नागरिक
   ख) **न्यूनतम शैक्षिक योग्यता तथा तालिमः** प्रवीणता प्रमाणपत्र तह वा १०+२ उत्तिर्ण गरेको तथा कम्तिमा ३ महिनाको कम्प्युटर सम्बन्धी तालिम प्राप्त गरेको वा प्रविणता प्रमाणपत्र तह वा सो सरह वा सो भन्दा माथिल्लो तहमा १०० पूर्णाङ्कको कम्प्युटर विषय राखी उक्त तह उत्तीर्ण गरेको भएमा छुट्टै तालिमको प्रमाणपत्र आवश्यक नपर्ने ।
   ग) सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाहीमा नपरेको।
७. **तलबः** काम गरेको दिनको मात्र दैनिक रु. १२००।- को दरले मासिक पारिश्रमिक उपलब्ध गराइनेछ ।
८. सूचना सम्बन्धमा थप जानाकारी प्राप्त गर्न ९८५१२३८२८३ मा सम्पर्क गर्न सकिनेछ ।
९. **सूचना सम्बन्धी विस्तृत विवरण**, **विवरण दर्ता अपरेटर छनौटका आधारहरु** तथा अन्य जानकारीको लागि विभागको वेबसाइट https://donidcr.gov.np बाट हेर्न सकिनेछ ।
१०. **दरखास्त फारामसाथ अपलोड गर्नुपर्ने कागजातहरु**
   (१) नेपाली नागरिकताको प्रमाणपत्र,
   (३) न्यूनतम शैक्षिक योग्यताको लव्धांकपत्र (Transcript), चारित्रिक प्रमाणपत्र (Character Certificate) (विदेशी शैक्षिक संस्थाबाट उत्तीर्ण गर्नेको हकमा समकक्षताको प्रमाणपत्र अनिवार्य पेश गर्नुपर्ने)
   (४) न्यूनतम शैक्षिक योग्यता भन्दा एक तह माथिल्लो शैक्षिक योग्यता भएमा सोको लव्धांकपत्र (Transcript),
   (५) कम्प्युटर तालिमको प्रमाणपत्र (प्रविणता प्रामाणपत्र तह वा १०+२ वा सो सरह वा सो भन्दा माथिल्लो तहमा कम्प्युटर विषय लिई अध्ययन गर्नेको हकमा छुट्टै तालिम प्रमाणपत्र आवश्यक नपर्ने)
   (६) कार्यानुभव भएमा सोको प्रमाणपत्र (नेपाल सरकारबाट मान्यता प्राप्त संगठित संस्थाबाट डाटा इन्ट्रि वा कम्प्युटर अपरेटर वा कम्प्युटर प्रशिक्षक वा कम्प्युटर सफ्टवेयर प्रयोग गरी काम गरेको प्रमाण खुलेको प्रमाणपत्र)
११. शर्तहरुः
   क) देशभरका सबै जिल्लाहरुमा राष्ट्रिय परिचयपत्र विवरण संकलन अभियान सञ्चालन गरिने भएकोले विभागले खटाएको जुनसुकै जिल्ला अन्तर्गतका घुम्ति विवरण दर्ता इकाईहरुमा गई कामकाज गर्नुपर्नेछ ।
   ख) यस विज्ञापन अन्तर्गत छनौट हुने विवरण दर्ता अपरेटरहरुलाई काम गरेको दिनको रु. १२०० को दरले दैनिक पारिश्रमिक बाहेक अन्य कुनै सुविधा उपलब्ध हुनेछैन ।
   ग) दैनिक न्यूनतम ४० जनाको विवरण दर्ता गर्नुपर्नेछ ।
   घ) **करार सम्झौता र अवधिः** पहिलो पटकको लागि कम्तिमा ३ महिनाको करार सम्झौता यस विभागबाट हुनेछ । तोकिए बमोजिमको कार्य सम्पादन हुन नसकेमा जुनसुकै समयमा करार रद्ध गर्न सकिनेछ । काम सन्तोषजनक भएमा आवश्यकता अनुसार करार अवधी थप गर्न सकिनेछ ।
   ङ) अनलाईन दरखास्त पेश गर्दा अपलोड गरिएका कागजातहरु सफा र स्पष्ट बुझिने नभएमा आवेदन अस्वीकृत गरिनेछ ।